चितवनको खोरसोरस्थित हात्ती प्रजनन् तथा तालिम केन्द्र ब्यवस्थापन सम्बन्धमा
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट जारी गरिएको

# प्रेस विज्ञप्ति

नेपालको संरक्षित वन्यजन्तु, साइटिस महासन्धिको अनुसूची एक र संकटापन्न वर्गमा पर्ने एसियाली हात्ती नेपाल, भारत, श्रीलंका, थाइल्याण्ड लगायत एसियाका १३ देशहरुमा मात्र पाइने महत्वपूर्ण वन्यजन्तु प्रजाति हो । नेपालमा हाल करिब २३० जंगली हात्तीहरु रहेका छन् भने सरकारी र निजी क्षेत्रले पालन गरेका करिब १८० घरपालुवा हात्तीहरु समेत छन् । सरकारी स्वामित्वमा रहेका कोशी टप्पु, पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा हात्तीसारमा करिब ११० हात्ती र निजीस्तरमा खासगरी चितवनमा करिब ७० घरपालुवा हात्तीहरु छन् ।

विगतका बर्षहरुमा सरकारी र निजीस्तरबाट पालनपोषण गरी राखिएका हात्तीहरु पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना हुने हात्तीपोलो, फुटबल, हात्ती सफारी लगायतका क्रियाकलापमा प्रयोग हुँदै आएकोमा पशु अधिकारकर्मी एवं वन्यजन्तु संरक्षणकर्मीको चासो र गुनासो आएपछि हाल हात्तीपोलो पूर्णरुपमा बन्द भइसकेको छ । बिगत दश बर्षदेखि सरकारी हात्तीहरुलाई पर्यटकीय गतिविधिहरुमा प्रयोग गर्न रोक लगाई वन्यजन्तु अध्ययन अनुसन्धान, विपद व्यवस्थापन र राष्ट्रिय निकुञ्जको गस्ती जस्ता संरक्षणका सिमित कार्यमा मात्र उपयोग गरिएको छ । निजी क्षेत्रबाट पालिएका हात्तीहरु विशेष गरी पर्यटकीय सेवामा प्रयोग भैरहेको अवस्था छ।

चितवन राष्ट्रिय निकुञ्जको खोरसोर क्षेत्रमा २०४४ सालमा हात्तीको प्रजनन्, पालन पोषण, उपचार र तालिम गर्ने उद्देश्यले हात्ती प्रजनन् तथा तालिम केन्द्र स्थापना भएको हो । उक्त हात्ती प्रजनन् केन्द्रमा हाल ९ वयस्क र ७ छावाहरु गरी १५ वटा हात्तीहरु रहेका छन् । हालसम्म यस केन्द्रमा ९१ छावाहरु जन्मिएको र हात्ती प्रजनन् तथा तालिमको हिसाबले एक सफल केन्द्रको रुपमा विकास भएको छ । यद्यपि, हात्ती प्रजनन् तथा तालिम केन्द्रमा बलियो सोलार फेन्स, गर्भिणी एवं सुत्केरी हात्तीको लागि छुट्टै व्यवस्था, आहारा र औषधि, प्रसुति गृह, सेडघर, गोदाम, उपचार गृह, सकरात्मक सिकाईको अवधारणा बमोजिम तालिम, आगन्तुकको लागि सुचना कक्ष, प्राकृतिक व्यवहार देखाउने गरी ठूलो क्षेत्र (हात्ती सेङ्चुरी) को व्यवस्था लगायतका भौतिक पुर्वाधार र संरचनाको सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

हात्ती प्रजनन् तथा तालिम केन्द्रको व्यवस्थापनसंग सम्बन्धित बिषयहरु, खासगरी हात्तीलाई लामो समयसम्म चेन लगाई बाँधेर राख्ने गरेको, चेन लगाएको अवस्थामा पोथी हात्तीहरुमा जंगली भाले हात्तीबाट समागम हुने, हात्तीको छावालाई पिडा हुनेगरी तालिम दिएको जस्ता पशु अधिकार र कल्याणको बारेमा चासो र चिन्ता व्यक्त गरी स्वदेश एवं विदेशबाट इमेल तथा अन्य माध्यम मार्फत धेरै व्यक्ती र संस्थावाट गुनासो एवं सल्लाह र सुझाव प्राप्त भएकोमा यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ ।

२०७३/२/१८

घरपालुवा हात्तीको पालन पोषण, प्रजनन्, तालिम, प्रयोग र व्यवस्थापनका विषयमा प्राप्त गुनासो र सुझावहरु हात्ती जस्तो दुर्लभ प्रजातिको संरक्षणमा लिईएको सकारात्मक चासोको रुपमा ग्रहण गर्दै सो केन्द्रको सुधार गर्न पहल गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं । गुनासो प्राप्त भएपछि तत्कालै यी विषयहरुमा ध्यानाकर्षण गराई विभाग अन्तर्गतको कार्यालयलाई पत्राचार गरिएको, मिति २०८३ वैशाख ३० गते वरिष्ठ पशु चिकित्सकको नेतृत्वमा विभिन्न निकायका प्रतिनिधिहरु सम्मिलित एक कार्यदल गठन गरी वास्तविक अवस्था र सुधार गर्नुपर्ने कार्यहरुमा सुझाव सहितको प्रतिवेदन पेश गर्ने व्यवस्था गरिएको, मिति २०८३ जेष्ठ १२ गते संरक्षण साझेदार संस्था, पशु कल्याणमा काम गर्ने मुख्य सरोकारवाला संस्था तथा पशु अधिकारकर्मीहरुबीच समन्वय बैठक गरी सुझाव र पृष्ठपोषण लिई तत्काल र दीर्घकालीन सुधारका लागि सहकार्य गर्ने प्रतिवद्धता ब्यक्त गरिएको छ ।

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट बक्तब्य मार्फत वन्यजन्तु संरक्षण र संरक्षित क्षेत्र व्यवस्थापनको विषय नेपाल सरकारको प्राथमिकतामा रहेको स्पष्ट नै छ । यस विभाग वन्यजन्तु संरक्षण, राष्ट्रिय निकुञ्ज तथा आरक्षहरु लगायत समग्र संरक्षित क्षेत्रको संरक्षण र घरपालुवा हात्तीको सन्दर्भमा पशु कल्याण र अधिकार प्रति संवेदनशील छ र यी विषयलाई उचित ध्यान दिई संरक्षण तथा व्यवस्थापन गर्न गराउन पूर्ण प्रतिवद्ध छ ।

अन्तमा, विभागले सबै सरोकारवाला संघ संस्थासँग सहकार्य गरी आगामी दिनमा व्यवस्थित संरचनाको प्रवन्ध मिलाई हात्ती पालन, प्रजनन्, तालिम र उपचारलाई प्रभावकारी बनाई हात्तीको कल्याणको सुनिश्चितता गर्नेछ । जंगली र घरपालुवा हात्ती लगायत वन्यजन्तु संरक्षण र व्यवस्थापनमा संरक्षण साझेदार, विभिन्न संघ/संस्था/निकाय, निजी क्षेत्र लगायत यस बिषयमा चासो र चिन्ता ब्यक्त गर्ने सम्पूर्ण सरोकारवालाहरुको सहयोगको अपेक्षा सहित हार्दिक धन्यवाद प्रकट गर्दछौं।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं

..........२०८३/२/१८
वेदकुमार ढकाल
उपमहानिर्देशक
प्रवक्ता/उपमहानिर्देशक

विक्रम सम्बत् २०८३ जेष्ठ १८ गते सोमबार
नेपाल सम्बत् ११४६ अनालाध्व त्रयोदशी